**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : २ प्रमाणीकरण मिति :- २०७६/०३/१०

प्रकाशन मिति :- २०७६/०९/१५

## भाग- १

### भजनी नगरपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन , २०७६

**प्रस्तावना :** भजनी नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भजनी नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ :** **(१)** यस ऐनको नाम " भजनी नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **५७,९४,४१,२६१।-** (अक्षेरुपी सन्तावन्न करोड चौरानब्बे लाख एकचालिस हजार दुई सय एकसठ्ठी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** **(१)** यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त भजनी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले

गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस नगरपालिकाको आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित विनियोजन विधेयकको अनुमानित आर्थिक, सामाजिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास सेवा प्रवाह,वित्तिय व्यवस्थापन र सुशासन लगायत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षक अर्न्तगतको बजेट सिमा भित्र रहि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अख्तियारी प्राप्त अधिकारीले निर्णय गरी कार्यक्रम तथा बजेट कार्यन्वयन गर्न सक्नेछ ।

(५) आ.व.२०७६/०७७ मा केन्द्र सरकार, प्रदेश सरकार र अन्य दातृ निकायबाट कुनै कार्यक्रम/ आयोजनाका लागि थप बजेट प्राप्त भएमा नगर कार्यपालिकाले निर्णय गरी सो बराबरको रकम संञ्चित कोष खाताबाट खर्च गर्न सक्नेछ ।

(६) आ.व.२०७६।०७७ का लागी विनियोजित वजेटको सीमाभित्र रही नगर कार्यपालीकाले निर्णय गरी खर्च शिर्षक मिलान हुने गरी औचित्यताका आधारमा कार्यक्रम तथा आयोजनाहरुमा बजेट बाँडफाँड र संसोधन गर्न सक्नेछ ।

| अनुसूची-१<br>(दफा २ संग सम्बन्धित)<br>नेपालको संविधानको धारा २२९ (२) बमोजिम<br>**संचित कोषबाट विनियोजन हुने रकम ( रु.हजारमा )** | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | **नगर कार्यपालिका** | | | | |
| क | | चालु खर्च | ७६००० | ० | ० | ७६००० |
| ख | | संघीय सरकारबाट शसर्त अनुदान | ० | १७२००० | ० | १७२००० |
| ग | | सम्पुरक कोष | ० | २८८१७७०० | ० | २८८१७७०० |
| घ | | नगर स्तरिय योजनाको लागि ( विषयगत शाखा समेत) | ० | १८७३१५।०५० | ० | १८७३१५।०५० |
| २ | | **वडा समिति (वडास्तरिय योजनाको लागि)** | ० | ७२०४४।२५० | ० | ७२०४४।२५० |
| ३ | | **अधुरा योजना कार्यान्वयन र भुक्तानी दिन बाँकी** | ० | ४३२६४।२६१ | | ४३२६४।२६१ |
| ४ | | **ऋणको सावा व्याज भुक्तानी** | ० | ० | ० | ० |
| ५ | | **लगानी -शेयर/ऋण)** | ० | ० | ० | ० |
| **जम्मा विनियोजन बजेट (१+२+३+४+५)** | | | ७६००० | ५०३४४१।२६१ | ० | ५७९४४१।२६१ |

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत